# हल्दीवारी राजपत्र

हल्दीवारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) झापा, कोशी प्रदेश, नेपाल, आश्विन २ गते २०८० साल ( संख्या ३

## भाग २

हल्दीबारी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश नेपाल

हल्दीबारी गाउँपालिका

## कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८०

हल्दीबारी गाउँपालिकाको कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८०

## पृष्ठभुमी

कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादनलाई परम्परागत तथा निर्वाहमुखी अवस्थाबाट दिन प्रतिदिन आधुनिक तवरले व्यवसायिकरण गरेर प्रतिस्पर्धी रुपमा सक्षम बनाउनु आवश्यक छ । यसका लागी कृषिजन्य/पशुपन्छीजन्य उत्पादन प्रशोधन तथा बजारीकरण गरि कृषकहरुलाई वढी भन्दा बढी प्रतिस्पर्धी तथा उत्पादनमुखी बनाउनको लागी प्रदान गरिने थप सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित बर्ग सम्म पुर्याउने र कृषि/पशु व्यवसायलाई आर्थिक उपार्जन स्वरोजगार प्रवर्द्धन एवम् गरिवी न्युनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योगदान पुर्याउने साथै बढ्दो बैदेशिक पलायन दरलाई निरुत्साहित गरि यस गाउँपालिकामा कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायको माध्यमबाट गाउँपालिकालाई आवश्यक कृषि तथा पशुपन्छी जन्य मागलाई पूर्ति गरि बढी भएको उत्पादनलाई बाहिर निर्यात गरि कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायबाट कृषकहरुको जीवनस्तर उकास्नुको साथै यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज सरल पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न हल्दीबारी गाउँपालिका कृषि व्यवसाय प्रवर्द्धन गर्ने ऐन २०७५ को परिच्छेद ७ को दफा ३६ ले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद- १

**१. प्रारम्भ**

क. संक्षिप्त नाम र प्रारम्भः-

यो कार्यविधिको नाम "कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८०" रहेको छ ।

यो कार्यविधि हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः-** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "गाउँपालिका" भन्नाले हल्दीबारी गाउँपालिका सम्झनु पर्दछ ।

ख. "कार्यालय" भन्नाले हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग. "शाखा" भन्नाले हल्दीबारी गाउँपालिका कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा सम्झनु पर्दछ ।

घ. "निजी फर्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि सम्बन्धित शाखामा दर्ता भएको फर्मलाई सम्झनु पर्दछ ।

ङ. "कार्यविधि" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य फार्म दर्ता कार्यविधि २०८० सम्झनु पर्दछ ।

**३. उद्देश्यहरुः-**

क. कृषि तथा पशुपन्छी तथा मत्स्य विकास शाखाका कार्यक्रम सञ्चालनमा सहयोग पुर्याउन ।

ख. गाउँसभाबाट विनियोजित रकमलाई पारदर्शी बनाई सञ्चालन गर्न सहयोग पुग्ने ।

ग. सम्भाव्यता हेरी कार्यक्रम कृषि प्रसारमा सहयोग पुर्याउने ।

घ. गाउँपालिकालाई तरकारी, दुध, मासु,अण्डा र माछामा आत्मनिर्भर बनाई निर्यात गर्न सहयोग गर्ने

ङ. कृषि/पशु व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवम व्यावसायीकरण गर्नका लागी आवश्यक प्रविधि तथा सीपलाई लक्षित बर्गसम्म पुर्याउने सहयोग स्वरुप अनुदान प्रदान गर्न ।

च. कृषि/पशु व्यावसायबाट उत्पादित पदार्थहरुको गुणस्तर सुधार गर्ने र उत्पादन लागत न्युनिकरण गर्ने

छ. कृषि/पशु व्यवसायलाई प्रभावकारी तरीकाले सञ्चालन गर्नका लागि विभिन्न प्रकारका वीउ रासायनिक मल कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा सञ्चालन गर्ने ।

## परिच्छेद- २

### ४. कृषि/ पशुपन्छी तथा मत्स्य तर्फको फर्म दर्ता प्रक्रिया

यस गाउँपालिका भित्र कृषि पेशा गदै आईरहेका व्यावसायिक कृषकहरुले आफ्नो फार्म गाउँपालिकामा दर्ता गर्न चाहेमा अनुसूचि १ को ढाँचाको निवेदन सहित संलग्न राखि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

(१) निवेदनको आधारमा कृषि फार्म दर्ताको हकमा कृषि विकास शाखाबाट कृषि प्राविधिकहरुले स्थलगत अनुगमन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुगमन प्रतिवेदनको आधारमा कृषि विकास शाखाको अभिलेखमा दर्ता हुने गरी अनुसुचि-२ को ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित व्यवसाय/फार्म दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(२) पशुपन्छी तथा मत्स्य विकास शाखाबाट पशु सेवा प्राविधिकहरुले स्थलगत अनुगमन गरी फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुगमन प्रतिवेदनको आधारमा पशुपन्छी तथा मत्स्य फार्म दर्ताको हकमा पशुपन्छी तथा मत्स्य विकास शाखाको अभिलेखमा दर्ता गर्ने गरि अनुसुचि-२ (क) को ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित व्यवसाय/फार्म दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ ।

### ५. कृषि फार्म दर्ताको न्यूनतम मापदण्डहरु

#### १. प्लाष्टिक टनेल खेती

कम्तिमा ५० बर्गमिटर वा सो भन्दा बढी क्षेत्रफलमा खेती गर्ने व्यवसायीहरुको व्यावसायिक प्लाष्टिक टनेल खेती

भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं. १ व्यावसायिक प्लाष्टिक टनेल खेती फार्मको | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | क्षेत्रफल वा संख्या | कैफियत |
| १ | साना | ५०- १२० वर्गमिटर | व्यावसायिक |
| २ | मझौला | १२१- २०० वर्गमिटर | व्यावसायिक |
| ३ | ठुला | २०० वर्गमिटर भन्दा बढी | व्यावसायिक |

२. खुला तरकारी खेती

कम्तिमा ५ कट्ठा वा सो भन्दा बढी क्षेत्रफलमा व्यावसायिक रुपमा खुला क्षेत्रमा तरकारी खेती गर्ने व्यावसायीहरुको खुला तरकारी खेती भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं.२ व्यावसायिक खुला तरकारी खेती फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | क्षेत्रफल वा संख्या | कैफियत |
| १ | साना | ५ - १५ कट्ठा | |
| २ | मझौला | १५ - ४० कट्ठा | |
| ३ | ठुला | ४१ कट्ठा भन्दा माथि | |

३. फलफुल खेती

कम्तिमा ५ कट्ठा वा सो भन्दा बढी क्षेत्रफलमा व्यावसायिक रुपमा फलफूल  खेती गर्ने व्यवसायीहरुको व्यावसायिक फलफूल खेती भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं.३ व्यावसायिक फलफूल खेती फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | क्षेत्रफल वा बोट संख्या | कैफियत |
| १ | साना | ५ - २० कट्ठा | आँप, लिची, केरा, मेवा, ड्रागन फ्रुट आदि । |
| २ | मझौला | २१ - ४० कट्ठा | |
| ३ | ठुला | ४१ कट्ठा भन्दा माथि | |

४. च्याउ खेती

कम्तिमा २ वटा डुम हाउस अथवा २५ वटा बल्ब वा सो भन्दा संख्यामा व्यावसायिक रुपमा च्याउ खेती गर्ने व्यवसायीहरुको व्यावसायिक च्याउ भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा खेती फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं.४ व्यावसायिक च्याउ खेती फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | क्षेत्रफल वा बल्व संख्या | कैफियत |
| १ | साना | २५ - ५० बल्ब | कन्ये च्याउ र गोब्रे च्याउमा |
| २ | मझौला | ५१ - १०० बल्ब | |
| ३ | ठुला | १०० बल्ब भन्दा माथि | |

५. मौरी पालन

कम्तिमा ५ घार वा सो भन्दा संख्यामा व्यावसायिक रुपमा मौरी पालन गर्ने व्यवसायीहरुको व्यावसायिक मौरीपालन भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा खेती फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं.५ व्यावसायिक च्याउ खेती फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | घार संख्या | कैफियत |
| १ | साना | ५-१५ घार | एपिस सेरेना र मेलिफेरा मौरी को गोला सहितको घार हुनुपर्नेछ । |
| २ | मझौला | १५-३० घार | |
| ३ | ठुला | ३१ घार भन्दा माथी | |

# परिच्छेद- ३

## कृषि फार्मका आधारहरु र फार्मको बर्गीकरण

६. पशुपन्छी तथा मत्स्य फार्म दर्ता मापदण्ड

१. व्यावसायिक गाई/भैसी फार्म

कम्तिमा ५ वा सो भन्दा बढी दुधालु गाई/भैंसी पाल्ने व्यवसायीहरुको व्यावसायिक गाई फार्म भएमा स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं. १ व्यावसायिक गाई/भैसी फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | दुधालु गाई/भैसीको संख्या | कैफियत |
| १ | साना | ५-१० वटा | बिभिन्न जातका उन्नत तथा स्थानीय प्रजाती |
| २ | मझौला | ११-२० वटा | |
| ३ | ठुला | २१ देखि माथि | |

२. व्यावसायिक भेडा/बाखा फार्म

२० वा सो भन्दा बढी प्रजनन योग्य माउ बाखा पाल्ने व्यावसायिक बाखापालन फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं. २ व्यावसायिक भेडा/बाखापालन फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | माउ तथा छतौरीको संख्या | कैफियत |
| १ | साना | २०-३० वटा | बिभिन्न जातका उन्नत तथा स्थानीय प्रजाती |
| २ | मझौला | ३१-५० वटा | |
| ३ | ठुला | ५१ देखि माथि | |

३. व्यावसायिक बंगुर फार्म

पाठापाठी उत्पादनको लागि ५ वा सो भन्दा माथी प्रजनन योग्य माउ बंगुर पाल्ने व्यावसायिक बंगुर पालन फार्म दर्ता गरिनेछ । मासु उत्पादनको हकमा २० भन्दा बढी पालन गर्ने व्यवसायीहरुको फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं. ३ व्यावसायिक बंगुरपालन फार्म | | | | |
|---|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | पाठापाठी उत्पादनको लागि | मासु को लागि | कैफियत |
| १ | साना | ५-१० वटा माउ | १०-१५ वटा | बिभिन्न जातका उन्नत तथा स्थानीय प्रजाती |
| २ | मझौला | ११-२० वटा माउ | १६-२५ वटा | |
| ३ | ठुला | २१ देखि माथि माउ | २६ भन्दा माथी | |

४. **व्यावसायिक पन्छी फार्म**

बिवरण अनुसार व्यवसायीहरुको फार्मलाई दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ । एक पटकमा पन्छी पालन बिशेष संख्याको आधारमा व्यावसायिक रुपमा पन्छीपालन तालिकामा ४ मा दिएको छ ।

| तालिका नं. ४ व्यावसायिक पन्छी फार्म | | | | |
|---|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | लेयर्स र ब्रोईलर उत्पादनको लागि | स्थानीय कुखुरा टर्की हाँस उत्पादनको लागि | कैफियत |
| १ | साना | २००-१००० वटा | ५०-१०० वटा | कुखुरा हाँस टर्की आदि । |
| २ | मझौला | १००१-३००० वटा | १०१-५०० वटा | |
| ३ | ठुला | ३००१ देखि माथि | ५०१ भन्दा माथी | |

५. **मत्स्य फार्म**

कम्तिमा २ कट्टा सो भन्दा बढी क्षेत्रफलमा पोखरी निर्माण गरी व्यावसायिक रुपमा माछापालन गर्ने व्यासायीलाई मत्स्य फार्म दर्ता गरिनेछ । यसरी दर्ता गरिने फार्मलाई तीन भागमा बर्गीकरण गरिएको छ ।

| तालिका नं. ५ व्यावसायिक मत्स्य फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | क्षेत्रफल(कट्टामा) | कैफियत |
| १ | साना | २- ५ कट्टा | स्थानीय तथा कार्प जातका माछाहरु |
| २ | मझौला | ६- १० कट्टा | |
| ३ | ठुला | ११ कट्टा भन्दा माथी | |

६. **पाडापाडी फार्म**

| तालिका नं. २ व्यावसायिक भेडा/बाखापालन फार्म | | | |
|---|---|---|---|
| सि.नं. | फार्मको बर्गीकरण | पाडापाडी संख्या | कैफियत |

| | | | |
|---|---|---|---|
| १ | साना | १०-२० वटा | स्थानीय तथा उन्नत जातका |
| २ | मझौला | २१-४० वटा | |
| ३ | ठुला | ४१ देखि माथि | |

<u>पुनश्च :</u> बंगुर, पन्छी तथा मत्स्य फार्म दर्ता गर्नका लागि समुदाय वा बस्तीबाट कम्तिमा ५०० मिटर दुरी भन्दा बाहिर हुनुपर्नेछ तर समुदाय बीच कुनै बिवादास्पद नभएमा कुनै बाधा पर्ने छैन ।

७. <u>मिश्रित फार्म</u>

माथिका न्युनतम मापदण्ड पुरा गरेर एक भन्दा बढी किसिमका तरकारी फलफुल च्याउ र पशुपन्छी तथा माछा एउटै ब्यक्तिले व्यावसायिक तवरले पालन/खेती गरिएको हुनुपर्ने ।

८. <u>कृषि, पशु तथा मत्स्य फार्म दर्ता प्रक्रिया</u>

क. अनुसूचि -१ को ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

ख. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ग. २ प्रति पासपोर्ट साईजको फोटो

घ. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का

ङ. चौकिल्ला प्रमाणित हस्ताक्षर गरेका ब्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

च. जग्गा भाडामा भए सो को सम्झौता पत्र

छ. ब्यक्ति वा संगोलमा भए स्वघोषणा/मञ्जुरिनामा

ज. राजश्व बुझाएको रसिद (आर्थिक ऐन अनुसार)

झ. सम्बन्धित वडा कार्यालयको सिफारिस

न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा ब्यवसाय नवीकरणको हकमा वडाको कृषि/पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन को आधारमा मात्र वडा कार्यालयले सिफारिस गर्नुपर्नेछ ।

## परिच्छेद ४

**९. नविकरण तथा खारेजी प्रकिया**

क. नयाँ व्यवसाय सुरु गर्न कृषक फार्म दर्ता प्रक्रियामा लगिनेछ तर निजको प्रतिबद्धता अनुसार व्यवसाय सुरु गरेको हुनुपर्ने छ । यदि निर्धारित समय सम्म पनि व्यवसाय सुरु नगरेको खण्डमा यस कार्यालयको निर्णय अनुसार फार्म खारेज वा कारवाही प्रक्रियामा लगिने छ । यदि व्यवसायीले व्यवसाय शुरु गर्न वा सञ्चालन गर्न नसक्ने भई फार्म दर्ता खारेजी गरी पाउँ भनी निवेदन दिएमा गाउँ कार्यपालिकाको कार्यालयको निर्णयानुसार फार्म खारेजी गरिनेछ ।

ख. दर्ता भएको फार्म कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखाले आधिकारीक प्रमाण पत्र उपलब्ध गराउने छ ।

ग. दर्ता भएको फार्म प्रत्येक नयाँ आर्थिक बर्ष सुरु भएपछी नविकरण गर्नु पर्ने छ ।

घ. यस कार्यविधी सुरु हुनु भन्दा अगाडी दर्ता भएको १ वर्ष अवधि पुरा भएको फार्म पनि नियमानुसार प्रत्येक आर्थिक वर्षको सुरु भए पछि नविकरण गर्नु पर्नेछ ।

ङ. नयाँ फार्म दर्ता तथा नविकरणमा लाग्ने शुल्क यस कार्यालयको निर्णय अनुसार हुनेछ ।

च. दर्ता भए पश्चात कार्यालयबाट समय समयमा अनुगमन गरिनेछ र कानुन विपरित कागजात गरेको पाईएमा यस कार्यालयको निर्णय बमोजिम कारबाही प्रक्रियामा लगिनेछ ।

## परिच्छेद -५

**१०. कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखाको काम कर्तव्य र अधिकार**

क. कृषि विकास शाखाले तरकारी, फलफुल, च्याउ फार्महरुको अभिलेख राखी तिनीहरुको नियमन, प्रवर्द्धन र अनुगमन गर्ने ।

ख. पशुपन्छी तथा मत्स्य विकास शाखाले पशुपन्छी तथा मत्स्य फार्महरुको अभिलेख राखी तिनीहरुको नियमन,प्रवर्द्धन र अनुगमन गर्ने ।

ग. गाउँसभाबाट स्वीकृत कृषि, पशुपन्छी तथा मत्स्य फार्म प्रवर्द्धन र बजार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

घ. दर्ता भएका फार्महरुलाई संघ तथा प्रदेश स्तरको कार्यक्रमहरु सँग आवश्यक समन्वय गरिनेछ ।

## परिच्छेद - ६

**११. थपघट वा हेरफेर**

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यस कार्यालयको आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि यस कार्यालयको आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ ।

हल्दीबारी गाउँपालिका

अनुसूचि - १

(परिच्छेद २ को दफा ४ सँग सम्बन्धित)

फार्म दर्ताको लागि निवेदनको ढाँचा

हल्दीबारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कोशी प्रदेश, नेपाल

मितिः-

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
हल्दीबारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
जलथल झापा

बिषयः- व्यावसायिक फार्म दर्ता गरि पाउँ ।

प्रस्तुत विषयमा हल्दीबारी गाउँपालिका वडा नं. ...............मा मैले ....... कठ्ठा/संख्यामा मिति.................. देखि ....... खेती/पालन गदै आईरहेको वा मिति ...................... भित्रमा ...............कठ्ठा/संख्यामा व्यावसायिक रुपमा खेती वा पालन गर्ने प्रतिवद्धता जनाउदै बार्षिक रु ...................... को कारोबार हुने गरि ................................. नामको ................................................................फार्म दर्ता गरि पाउँ भनी तपशीलमा उल्लेखित कागजातहरु संलग्न राखी फार्म दर्ताको लागी यो निवेदन पेश गरेको छु ।

<u>तपशील</u>

१. संलग्न अनुसूचि -१ को ढाँचामा निवेदन थान -
२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान -
३. २ प्रति पासपोर्ट साईजको फोटो थान -
४. चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का थान -
५. चौकिल्ला प्रमाणित हस्ताक्षर गरेका ब्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान -
६. जग्गा भाडामा भए १० बर्ष सम्मको सम्झौता पत्र थान -
७. ब्यक्ति वा संगोलमा भए स्वघोषणा/मञ्जुरिनामा थान -
८. राजश्व बुझाएको रसिद (आर्थिक ऐन अनुसार) थान -
९. सम्बन्धित वडा कार्यालयको सिफारिस थान -

न्युनतम मापदण्ड अनुसार व्यवसाय सुरु गरिसकेको वा ब्यवसाय नवीकरणको हकमा वडाको कृषि/पशु प्राविधिकको स्थलगत अनुगमनको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

<u>निवेदक</u>
प्रोपाईटरको नामः-
ठेगाना
सम्पर्क
हस्ताक्षर

अनुसूची - २
(परिच्छेद-२ को दफा ४ सँग सम्बन्धित)
फर्म दर्ताको प्रमाणपत्रको ढाँचा
हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल
जलथल,झापा

| फोटो |
|---|

दर्ता नं.
दर्ता मिति

<u>व्यवसाय/फार्म दर्ता प्रमाण-पत्र</u>

यस हल्दीबारी गाउँपालिकामा मिति २०..................... सालदेखि .................................................................. को व्यावसायिक .....................................फार्म स्थापना गरी निरन्तर फार्म सञ्चालन गर्दै आउनु भएकोले यस कार्यालयबाट अनुगमन तथा निरीक्षणको समयमा पूर्ण सहयोग हुने गरी यस कार्यालयको अभिलेखमा तपाईको व्यावसायिक फार्म दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. व्यवसाय/फार्मको नामः-
२. व्यवसाय/फार्म रहेको स्थानः-
३. व्यवसाय/फार्मको पुँजीः- स्थिर पूंजी रु.
   चालु पूंजी रु.
४. उद्देश्यः-
५. व्यवसाय/फार्मको प्रकार ः-
६. व्यवसाय/ फार्म सञ्चालकको नाम ः-
७. ठेगाना :
८. अन्य निकायमा दर्ता भएको छ भने
   निकायः-
   दर्ता नं.
   मितिः-

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत



हल्दीबारी गाउँपालिका

## नवीकरण सम्बन्धी विवरण

फार्मको नामः-

ठेगाना

| नवीकरण मिति | नविकरण अवधि | | रसिद नं./मिति | नविकरण गर्ने अधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नविकरण गर्ने अवधि १ बर्षको हुनेछ । प्रत्येक आ.ब. को श्रावण महिना भित्रमा पुन: नविकरण गर्नुपर्नेछ । यदि नविकरण नगरेमा स्वत: खारेज भएको मानिनेछ ।**

हल्दीबारी गाउँपालिका

अनुसूची - २(क)
(परिच्छेद-२ को दफा ४ सँग सम्बन्धित)
फर्म दर्ताको प्रमाणपत्रको ढाँचा
हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कोशी प्रदेश, नेपाल
जलथल,झापा

**फोटो**

दर्ता नं.
दर्ता मिति

<u>व्यवसाय/फार्म दर्ता प्रमाण-पत्र</u>

यस हल्दीबारी गाउँपालिकामा मिति २०..................... सालदेखि .................................................................... को व्यावसायिक .....................................फार्म स्थापना गरी निरन्तर फार्म सञ्चालन गर्दै आउनु भएकोले यस कार्यालयबाट अनुगमन तथा निरीक्षणको समयमा पूर्ण सहयोग हुने गरी यस कार्यालयको अभिलेखमा तपाईको व्यावसायिक फार्म दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. व्यवसाय/फार्मको नामः-
२. व्यवसाय/फार्म रहेको स्थानः-
३. व्यवसाय/फार्मको पुँजीः- स्थिर पूंजी रु. चालु पूंजी रु.
४. उद्देश्यः-
५. व्यवसाय/फार्मको प्रकार :-
६. व्यवसाय/ फार्म सञ्चालकको नाम :-
७. ठेगाना :
८. अन्य निकायमा दर्ता भएको छ भने
 निकायः-
 दर्ता नं.
 मितिः-
९. जम्मा पशु संख्या/पन्छीको संख्या :
१०. माउ संख्याः ......................... पाठापाठी/पाडापाडी/चल्ला संख्या : ......................

शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत



हल्दीबारी गाउँपालिका

## नविकरण सम्बन्धी विवरण

फार्मको नामः-

ठेगाना

| नवीकरण मिति | नविकरण अवधि | | रसिद नं./मिति | नविकरण गर्ने अधिकारीको सही | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नविकरण गर्ने अवधि १ बर्षको हुनेछ । प्रत्येक आ.ब. को श्रावण महिना भित्रमा पुनः नविकरण गर्नुपर्नेछ । यदि नविकरण नगरेमा स्वत खारेज भएको मानिनेछ ।**

आज्ञाले

मान बा वन (महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत